पाठ ४७

१. येशू कुन शहरमा जन्मिनुभयो ?
- बेथलेहममा ।

२. जसलाई तिनीहरूले येहूदीहरूका राजा भन्थे ती ज्ञानी मानिसहरूले येशूलाई फेला पारेपछि के गरे ?

- तिनीहरूले उहाँको आराधाना गरे ।
- तिनीहरूले उहाँलाई उपहार पनि चढाए ।

३. ज्ञानी मानिसहरूले येशूलाई आराधना गरेकोमा के परमेश्वर रिसाउनुभयो ?
- भएन ।

४. ज्ञानी मानिसहरूले येशूलाई आराधना गरेकोमा परमेश्वर किन रिसाउनुभएन ?
- किनभने येशू परमेश्वर हुनुहन्छ ।

५. स्वर्गदूतले येशूलाई कुन देशमा लैजान भने ?
- मिश्रमा ।

६. राजा हेरोदलाई येशूलाई मार्नुपर्छ भन्ने विचार कसले हालिदियो ?
- शैतानले ।

७. शैतान किन येशूलाई मार्न चाहन्थ्यो ?
- किनभने शैतान येशूले मानिसहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाएको चाहदैनथ्यो ।

८. पिता परमेश्वरले किन येशूलाई रक्षा गर्नुभयो ?
- किनभने पिता परमेश्वरले येशूलाई हामीलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन पठाउनुभएको थियो ।

- किनभने परमेश्वरले येशूको रक्षा गर्नुभयो त्यसैले येशू बालकबाट लक्का जवान भएर हुर्किनुभयो ।

आउनुस् लूका २:४० पद पढौं ।

40 सानो बालक दिनप्रति दिन बढ्दै गए। उनी बलियो हुँदै गए अनि ज्ञानले भरिए। परमेश्वरको अनुग्रह तिनको साथ थियो।

- के येशूले कहिल्यै पाप गर्नुभयो ?
- गर्नुभएन ।

- येशूले परमेश्वरले दिनुभएका सबै आज्ञाहरू पालन गर्नुभयो र पाप गर्नुभएन ।

- येशूले किन परमेश्वरले दिनुभएका सबै आज्ञा पालन गर्नुभयो र पाप गर्नुभएन ?

- किनभने येशू पापमा जन्मिनुभएको थिएन ।

- येशू किन पापमा जन्मिनुभएको थिएन ?

- किनभने येशू मानव पिताको बीजबाट जन्मिनुभएको होइन ।

- किनभने येशू मानव माताको बीजबाट जन्मिनुभएको होइन ।

- किनभने येशू नै परमेश्वर हुनुहुन्छ ।

- किनभने येशू आदम र हव्वाको बालकको रूपमा नजन्मिनुभएको हुनाले येशू पापमा जन्मिनुभएको होइन ।

- किनभने येशू आदम र हव्वाको बालकको रूपमा नजन्मिनुभएको हुनाले येशू परमेश्वरबाट अलग भएर जन्मिनुभएको होइन ।

- येशूले परमेश्वरले दिनुभएका हरेक आज्ञा सिद्ध रूपले पालन गर्नुभयो ।

- येशूको मनमा गलत विचार कहिल्यै आएन ।
- येशूको मुखबाट गलत कुरा कहिल्यै निस्केन ।
- येशूले गलत कुरा कहिल्यै गर्नुभएन ।

- के येशूबाहेक अरू कोही पापरहित छ ?
- छैन ।
- अरू सबै मानिसहरू पापमा जन्मिएका छन् ।

- येशू बालकै छँदाको एउटा कथा पढौं ।

आउनुस् लूका २:४१ पद पढौं ।

[41] निस्तार चाडको बेला प्रत्येक वर्ष नै येशूको आमा बाबु यरूशलेम जाने गर्थे।

- हरेक वर्ष येशूका अभिभावकहरू योसेफ र मरियम जेरूशेलममा परमेश्वरलाई चाड मनाउन जान्थे ।

- जब येशू १२ वर्षका हुनुहुन्थ्यो योसेफ र मेरीले उहाँलाई जेरूशलेम लिएर गए ।

आउनुस् लूका २:४२ पद पढौं ।

[42] जब येशू बाह्र वर्ष को हुनुभयो, सधैँ झैं उहाँका माता पिता उहाँको साथमा त्यो भोजमा सामेल भए।

- जब चाडको भोज सकियो तब योसेफ र मरियम नासरत फर्किनलाई हिँडे ।

- तर जब योसेफ र मेरि बाटोमा फर्किरहेका थिए तिनीहरूले आफ्नो साथमा येशूलाई फेला पारेनन् ।

आउनुस् लूका २:४३-४४ पद पढौं ।

[43] जब भोज सिद्धियो तिनीहरू घर फर्किरहेका थिए। तर बालक येशू यरूशलेममा नै बस्नु भयो। उहाँको विषयमा आमा -बाबुलाई केही थाहा भएन। [44] तिनीहरूले सोचे कि उहाँ अन्य यात्रीहरूसँग हुनुहुन्छ, यसकारण तिनीहरू दिनभरी हिंडीरहे । तब उहाँलाई आफ्नो साथी तथा आफन्तहरू माझ तिनीहरूले खोज्न लागे

- योसेफ र मरियम किन येशूलाई फेला पार्न सफल भएनन् ?

- किनभने धेरै यहूदीहरू चाड मनाउन गएकाले बाटोममा फर्किने मानिसहरू पनि धेरै थिए ।

- किनभने बाटोमा धेरै लुटेराहरू थिए त्यसैले मानिसहरू एक समूहमा हिँडिरहेका थिए ।

- किनभने त्यहाँ धेरै मानिसहरू थिए त्यसैले योसेफ र मरियमले येशूलाई देख्न सकेनन् ।

- किनभने त्यहाँ धेरै मानिसहरू थिए योसेफ र मरियमले ठाने कि येशू पनि त्यही भीडमा उहाँका साथीहरूसँगै हुनुहोला भन्ठाने ।

- जब योसेफ र मरियमले येशू आफूसँग हुनुहुन्न भन्ने थाहा पाए तिनीहरूले के गरे ?

आउनुस् लूका २:४५ पद पढौं ।

45 तर यूसुफ र मरियमले उहाँलाई तिनीहरू बीचमा नदेख्ता तिनीहरू उहाँलाई खोज्न यरूशलेम फर्के।

- योसेफ र मरियम येशूलाई खोज्न जेरूशलेम फर्किए ।

- योसेफ र मरियमले येशूलाई कहाँ फेला पारे ?

आउनुस् लूका २:४६-४७ पद पढौं ।

46 तीन दिनपछि तिनीहरूले उहाँलाई मन्दिरमा भेटे। येशू मन्दिरमा धार्मिक शिक्षकहरूसँग तिनीहरूका कुराहरू सुन्दै र तिनीहरूलाई प्रश्न गर्दै बसिहनु भएको थियो। 47 ज-जसले उहाँलाई सुने उहाँको समझ र उत्तरहरूमा छक्क परिरहेका थिए।

- योसेफ र मरियमले येशूलाई जेरूशलेमको मन्दिरमा फेला पारे ।

- जब योसेफ र मरियमले येशूलाई मन्दिरमा फेला पारे तब उहाँले के गरिरहनुभएको थियो ?

- येशूले शिक्षकहरूबाट परमेश्वरको वचन सुनेर तिनीहरूलाई प्रश्नहरू सोधिरहनुभएको थियो ।

- येशूले शिक्षकहरूलाई परमेश्वरको वचन सिकाइ पनि रहनुभएको थियो ।

- जबकी उहाँ १२ वर्षको मात्रै हुनुहुन्थ्यो तब उहाँलाई कसरी परमेश्वरको वचनको बारेमा कसरी थाहा भयो ?

- किनभने येशू नै परमेश्वर हुनुहुन्थ्यो ।

- मन्दिरका शिक्षकहरू येशूले परमेश्वरको धेरै वचन जानेकोमा छक्क परे ।

- तिनीहरूलाई येशू परमेश्वर हुनुहुन्छ भनेर थाहा थिएन ।

- जब तिनीहरूले येशूलाई मन्दिरमा फेला पारे तब मरियमले येशूलाई के भनिन् ।

आउनुस् लूका २:४८ पद पढौं ।

[48] जब उहाँका आमा-बाबुले उहाँलाई भेटे तिनीहरू आश्चर्य चकित भए। उहाँकी आमाले उहाँलाई भनिन्, "पुत्र, तिमीले हामीलाई किन यसो गर्यौ? तिम्रो बाबु अनि म तिमीलाई खोज्दा साह्रै चिन्तित थियौं।"

- येशूले योसेफ र मरियमलाई के जवाफ दिनुभयो ?

आउनुस् लूका २:४९ पद पढौं ।

[49] तब येशूले तिनीहरूलाई भन्नुभयो, "तपाईंहरूले मलाई किन खोजिरहनु भएको? के तपाईंहरू जान्नु हुन्न कि मेरा पिताको कार्य जहाँ हुन्छ म त्यहीं रहनु पर्छ?"

- जब मरियमले येशूलाई सोधिन् उहाँको जवाफ के थियो ?

- के तपाईंहरूलाई म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने थाहा छैन भन्नुभयो ?

- येशूले यसो भन्नुको मतलब के हो ?

- येशूले यसो भन्नुको मतलब पिता परमेश्वरले जे अह्राउनुहुन्छ उहाँले त्यही गर्नुहुन्छ भन्ने हो ।

- यशू १२ वर्षको मात्रै हुनुहुन्थ्यो तर उहाँले पिता परमेश्वरलाई चिन्नुभयो ।

- येशूले पिता परमेश्वरले भन्नुभएको सबै कुरा गर्नुभयो ।

- येशूको सबै विचारहरू सिद्ध छन् ।

- येशूको सबै भनाइहरू सिद्ध छन् ।

- येशूका सबै गराइहरू सिद्ध छन् ।

- येशूले भन्नुभएको कुरा के योसेफ र मरियमले बुझे ?

आउनुस् लूका २:५० पद पढौं ।

[50] तर तिनीहरूले येशूले उनीहरूलाई दिनु भएको उत्तरको अर्थ बुझ्न सकेनन्।

- योसेफ र मरियमले येशूले भन्नुभएको कुरा बुझेनन् ।

- येशूले पिता परमेश्वरको कुरा गरिरहनुभएको हो भन्ने कुरा योसेफ र मरियमले बुझेनन् ।

- जब तिनीहरूले भनी सिध्याए, योसेफ, मरियम र येशू नासरथ फर्किए ।

आउनुस् लूका २:५१-५२ पद पढौं ।

[51] तब येशू तिनीहरूसँगै नासरत जानु भयो। उहाँले आफ्ना आमाबाबुले भनेका सबै कुराहरू मान्नु
भयो। तर उहाँकी आमाले भने अझै त्यही कुराहरूनै मनमा राखिरहेकी थिइन्। [52] येशू शारीरिक
रूपमा र बुद्धिमा बढ्दै हुनुहुन्थ्यो अनि परमेश्वर र मानिसहरूबाट अनुग्रह पाइरहनु भएको थियो।

- येशू जब हुर्किरहनुभएको थियो के उहाँले योसेफ र मरियमका आज्ञा पूरा पालन गर्नुभयो ?
- गर्नुभयो ।

- यद्यपि येशू अरू बालक जस्तै हुनुहुन्थ्यो तर येशू कसरी फरक हुनुहुन्थ्यो ?

- येशू परमेश्वर हुनुहुन्थ्यो ।

- येशू पूरा परमेश्वर र पूरा मानव हुनुहुन्थ्यो ।

- येशू ज्ञानी मानिस भएर हुर्किनुभयो ।

- परमेश्वरले धेरै वर्ष पहिले अगमवक्ताहरूसँग प्रतिज्ञा गर्नुभएजस्तै येशूसँग ठूलो बुद्धि थियो ।

- परमेश्वरले धेरै वर्ष पहिले अगमवक्ताहरूसँग प्रतिज्ञा गर्नुभएजस्तै येशू पवित्र आत्माले पूर्ण हुनुहुन्थ्यो ।

- परमेश्वरले उहाँको प्रतिज्ञा कहल्यै भङ्ग गर्नुहुन्न ।
- परमेश्वरले जहिल्यै उहाँको प्रतिज्ञा कायम राख्नुहुन्छ ।